## विषय ४ सँग सम्बन्धित
### निवेदन-पत्र

श्रीमान डिभिजन प्रमुख ज्यू,
जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, धादिङ ।

महोदय,

हामीले जल-उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले जलस्रोत ऐन २०४९ को दफा ५ तथा जलस्रोत नियमावली २०५० को नियम बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई सम्बन्धित उपभोक्ता संस्थाको दुई प्रति विधान रु. १००।- दस्तुर सहित दरखास्त दिएका छौं ।

निवेदक

..........................
अध्यक्ष

**विवरण :**

१. उपभोक्ता संस्थाको नाम :-........................................................................

२. कार्यक्षेत्र :-.......................नगरपालिका/गाउँपालिका वडा नं. .......... धादिङ ।

३. उद्देश्यहरु :-.................... नगरपालिका/गाउँपालिका को ...............पानीलाई समुचित ढंगाले उपयोग गरी खेती योग्य जग्गाको कृषि उत्पादनमा वृद्धि गरी देश विकासमा टेवा पुर्‍याउने ।

**४. पदाधिकारी एवं सदस्यहरुको नाम, ठेगाना, पेशा :**

| सि.नं. | नाम | पद | ठेगाना | पेशा | दस्तखत |
|---|---|---|---|---|---|
| १. | | अध्यक्ष | | | |
| २. | | उपाध्यक्ष | | | |
| ३. | | सचिव | | | |
| ४. | | सह-सचिव | | | |
| ५. | | कोषाध्यक्ष | | | |
| ६. | | सदस्य | | | |
| ७. | | सदस्य | | | |
| ८. | | सदस्य | | | |
| ९. | | सदस्य | | | |
| १०. | | सदस्य | | | |
| ११. | | सदस्य | | | |

## ............................................... सिंचाई जल-उपभोक्ता संस्थाको विधान २०......

नेपालको बाग्मती प्रदेश, धादिङ जिल्ला ......................... नगरपालिका/गाउँपालिका वडा नं. .........., ..................को पानीलाई वि.सं.........................साल/परापुर्वकालदेखि त्यस क्षेत्रका उपभोक्ताहरुले कुटो, कोदालोका साथ सतह अस्थायी कुलो खनेर ....................... को पानीलाई समुचित ढंगले उपयोग गरी धादिङ जिल्ला ...................... नगरपालिका/गाउँपालिका वडा नं. .......... स्थित खेतियोग्य जग्गाको कृषि उत्पादनमा वृद्धि गरी देशको विकासमा टेवा पुऱ्याउने उद्देश्यले उक्त स्रोतबाट सिंचाई योजना निर्माण गरी आपसी सहयोगद्वारा संचालनमा ल्याउनका लागि जल उपभोक्ताहरुको संस्थाद्वारा यो विधान तयार पारिएको छ । यसमा उपभोक्ता संस्थालाई सबल र सक्रिय बनाउनु पर्ने कुरालाई उच्च प्राथमिकता प्रदान गरी आवश्यकता अनुसार उपनियमहरु पनि तयार गरिनेछ ।

### परिच्छेद – १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र परिचय :–**

- यो विधानलाई .................................................................. सिंचाई जल-उपभोक्ता संस्थाको विधान २०....... भनिनेछ ।
- सिंचाइ नियमावली, २०५६ को परिच्छेद-२ को नियम ३ उपनियम ३ अनुरुप जल उपभोक्ता संस्था दर्ता भईसकेपछि यो विधान लागु हुनेछ ।
- यो संस्था राजनैतिक कार्यबाट अलग रहनेछ ।

**२. परिभाषा :–** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधान अन्तर्गत :

- **'संस्था'** भन्नाले ....................................................... सिंचाई जल-उपभोक्ता संस्थालाई जनाउँछ ।
- **'सिंचित क्षेत्रफल'** भन्नाले ......................... नगरपालिका/गाउँपालिका .........वडा नं. को ...................... को पूर्व ................................ को पश्चिम ...................... को उत्तर र ................... को दक्षिण यति चार किल्ला भित्र रहेको .......... हे. क्षेत्रफल लाई जनाउँदछ ।
- **जल-उपभोक्ता व्यवस्थापन समिति** भन्नाले यस विधानको दफा ११ मा उल्लेखित प्रक्रिया अनुसार गठन भएको समितिलाई जनाउँदछ ।
- **'साधारण सभा'** भन्नाले जल-उपभोक्ता संस्थाका साधारण सदस्यता प्राप्त कृषकहरुको भेलालाई जनाउँदछ ।
- **'अध्यक्ष'** भन्नाले जल-उपभोक्ता संस्थाको व्यवस्थापन समितिको प्रमुख व्यक्ति/अध्यक्ष लाई जनाउँदछ ।
- **'सचिव'** भन्नाले जल-उपभोक्ता संस्थाको व्यवस्थापन समितिको सचिवलाई जनाउँदछ ।
- **'सदस्य'** भन्नाले जल-उपभोक्ता संस्थाको साधारण सदस्यता प्राप्त जल-उपभोक्ता सदस्यलाई जनाउँदछ ।
- **'कार्यकारिणी सदस्य'** भन्नाले जल-उपभोक्ता संस्थाका व्यवस्थापन सिमतिको सदस्यलाई जनाउँदछ ।
- **'पदाधिकारी'** भन्नाले संस्थाको व्यवस्थापन समितिको अध्यक्ष, सचिव, कोषाध्यक्ष वा कुनै सदस्य जसलाई समितिको तर्फबाट कार्य गर्ने कुनै दर्जा वा जिम्मेवारी प्राप्त व्यक्तिलाई जनाउँदछ ।

**३. संस्थाको छाप :–**

संस्थाको दैनिक कार्यलाई वैधानिकता प्रदान गर्न संस्थाको आफ्नो कार्यालय छाप रहनेछ । यो छाप तीन से.मि. ब्यास नबढाई गोलाकारको हुनेछ । संस्थाको छाप अनुसुचि-१ मा उल्लेखित भएअनुसार हुनेछ ।

**४.संस्थाको कार्यालय :–** संस्थाको कार्यालय ..................... नगरपालिका/गाउँपालिका वडा नं. ... मा रहनेछ ।

## परिच्छेद – २
## उद्देश्यहरु

### ५.संस्थाको उद्देश्यहरु :–
संस्थाको मूल उद्देश्य धादिङ जिल्लाको ....................... नगरपालिका/गाउँपालिका ..... वडा नं. को ......................... खोलाको पानीलाई सदुपयोग गरी सिंचित कृषि प्रणाली ल्याई कृषि उपजमा वृद्धि ल्याउनु रहुको छ। यसले भरपर्दो सिंचाई प्रणालीको स्थापना, संचालन, मर्मत, संभार र विकास गरी सिंचित क्षेत्रकै विकास गराउनमा टेवा पुऱ्याउने छ। संस्थाको खास-खास उद्देश्यहरु निम्न अनुसार हुनेछ।

- सिंचित प्रणाली जसमा ............................ खोलाको पानीलाई नहर निर्माण गरी संचालन, मर्मत सम्भार र व्यवस्थापन गर्ने।
- सिंचित प्रणालीको नयाँ निर्माण वा निर्माण सुधार कार्य गर्न सरकारको बजेटको परिचालन गर्नु उपभोक्ता कृषकहरुको स्रोत परिचालन गर्नु र आवश्यक परेमा जल-उपभोक्ता समितिलाई राष्ट्रिय वित्तिय संघ संस्था वा बैंकबाट ऋण लिनमा समेत सघाउनु।
- सदस्य जल-उपभोक्ताहरुलाई प्रभावकारी र समानुपातिक ढंगले पानी वितरण गर्नु।
- सिंचित प्रणालीको संचालन, मर्मत संम्भार र व्यवस्थापनको लागि आवश्यक स्रोत जुटाउन जल-उपभोक्ताहरुको प्रयासलाई एकत्रित तथा परिचालन गरी सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय कायम राख्नु।
- खेती प्रणालीमा सुधार ल्याई उपभोक्ताहरुको जीवनस्तर उकास्न कृषक सिंचाई संस्था व्यवस्थापन समितिको कार्य दक्षतामा सुधार ल्याउन आवश्यक उपसमितिहरुको गठन र परिचालन गर्नु जस्तै : समयमा मलखाद दिनु, उपलब्ध गराउन सघाउने, उप समिति, खेती प्रणाली सुधार उप-समिति, बजार व्यवस्थापन उप-समिति, नहर प्रणाली रखदेख तथा मर्मत संभार उप-समिति, पानी वितरण र शुल्क असुली उप-समिति आदि।
- वातावरण संरक्षण र संम्बर्द्धनका गतिविधिहरु संचालन गर्नु।
- नहर प्रणालीको सु-संचालनको लागि आउने आवश्यक अन्य कार्यहरु गर्नु।

## परिच्छेद – ३
## सदस्यता

### ६. सदस्यताको लागि आवश्यक योग्यता :–
सिंचित क्षेत्रभित्र घर हुने जोताहा जग्गाधनी वा मोही नलागेको जग्गाको जग्गाधनी वा उनीहरुको अख्तियार प्राप्त जोताहा किसानलाई संस्थाको सदस्यता स्वतः प्रदान गर्न सकिनेछ। संस्थाको सदस्य १८ बर्ष भन्दा बढी उमेरको हुनुपर्नेछ। यदि जग्गाधनी वा जोताहा १८ बर्षभन्दा कम उमेरको भए उनको संरक्षकलाई संस्थाको सदस्यता दिइनेछ मोही नलागेको जग्गाको जग्गाधनीको स्वयं नगरी अधियाँ वा अन्य मोही नलागेको प्रथाअनुसार अरुलाई जग्गा जोत्न दिएको अवस्थामा पनि वा उनको अख्तियार प्राप्त व्यक्तिलाई सदस्यता दिन सकिनेछ।

### ७. सदस्यता शुल्क :–
- संस्थाले निर्धारण गरेबमोजिम सदस्य शुल्क रु. ............... उठाउन सकिनेछ।
- सिंचित प्रणाली निर्माण, मर्मत संभार, संचालन र व्यवस्थापनको लागि आवश्यक रकम जुटाउन साधारण सभाले तोकिएअनुसार सदस्यता शुल्क बाहेक अन्य शुल्कहरु पनि हरेक सदस्यसँग उठाउन सकिनेछ।

## ८. सदस्यताबाट निष्काशन वा निलम्बन :–

- जग्गाधनीले जग्गा बेचेमा वा मोहियानी हक बेचेमा व हस्तान्तरण भएमा सदस्यता खारेज हुनेछ र नयाँ मोही वा जोताहा जग्गाधनी वा नीजबाट अख्तियार प्राप्त व्यक्ति सदस्यता ग्रहण गर्न योग्य हुनेछ ।
- संस्थाका नियमहरु उल्लघंन गरेको वा तिर्नुपर्ने शुल्क वा दस्तुरहरु नतिरेको खण्डमा व्यवस्थापन समितिको निर्णय अनुसार सबै शुल्कहरु तिरेर संस्थाको नियम पालना गरेमा निजलाई पुनः सदस्यता प्रदान गर्न सकिनेछ ।

# परिच्छेद :– ४
# साधारण सभा र जल-उपभोक्ता व्यवस्थापन समिति

## ९. साधारण सभा :–

- साधारण सभामा संस्थाको सम्पुर्ण सदस्यहरु समावेश हुनेछन् ।
- साधारण सभा एक वर्ष भित्रमा सामान्यतया दुइ पटक र कम्तिमा एक पटक बोलाइनुपर्नेछ । एउटा साधारण सभा बर्षेबाली सुरु हुनु अगाडी वा अर्को हिउँदे बाली लगाउनुभन्दा अगाडी बोलाइनेछ । आवश्यक परेमा माथि उल्लेखित बाहेक बिशेष साधारण सभा बोलाउन सकिनेछ ।
- साधारण सभाको तिथि, समय, स्थान र छलफल गरिने विषय बस्तुहरु जल-उपभोक्ता संस्था व्यवस्थापन समितिबाट तय गरिनेछ ।
- साधारण सभाको अध्यक्षता व्यवस्थापन समितिको अध्यक्षले गर्नेछ । उनको अनुपस्थिति रहेमा उपाध्यक्ष र निज पनि अनुपस्थित रहेमा सभाले मनोनयन गरेको कुनै एक सदस्यले साधारण सभाको अध्यक्षता ग्रहण गर्नेछ ।
- साधारण सभा बोलाउँदा सम्पूर्ण सदस्य कृषकहरुलाई १ हप्ताको अग्रिम सूचना दिइनेछ ।
- साधारण सभामा कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा कम सदस्यहरुले भाग लिन आएमा "गणपुरक" नपुगेको मानी सभा स्थगित हुनेछ ।
- यसरी गणपुरक नपुगेको अवस्थामा दोस्रो सूचना दिई ३ दिनपछि पुनः साधारण सभा बोलाइनेछ ।
- यसरी दोस्रो सूचनाद्वारा बोलाइएको साधारण सभा २५ प्रतिशत भन्दा बढी सदस्यहरुले भाग लिन आएमा कोरम पुगेको ठहर गरी सभा संचालन गरिनेछ ।

## १०. साधारण सभाको काम, कर्तव्य र अधिकार :–

साधारण सभाको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछन् :–

- सिंचाइ प्रणालीको निर्माण, संचालन मर्मत संभार र व्यवस्थापनको लागि आवश्यक उपनियमहरु बनाउने र जारी गर्ने ।
- साधारण सभाका सदस्यहरु मध्येबाट व्यवस्थापन समितिका पदाधिकारी र कार्यकारिणी सदस्यहरु चयन गर्ने।
- व्यवस्थापनको लेखापरिक्षण प्रतिवेदनको अनुमोदन गउर्ने ।
- संस्थाको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।
- संस्थाको व्यवस्थापन समितिले पेश गरेको वार्षिक बजेटलाई स्वीकृत गर्ने ।

## ११. व्यवस्थापन समितिको निर्माण/गठन :–

- साधारण सभाका सदस्य कृषकहरु मध्येबाट सिंचाई प्रणालीको सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी उपयुक्त व्यक्तिहरु चयन गरी साधारण सभाको बहुमतबाट समितिको निर्माण गरिनेछ ।
- समितिमा ३३ प्रतिशत महिला सदस्य समेत बढीमा ११ जना सदस्यहरु रहनेछन् । अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष पदाधिकारी र अन्य ६ जना कार्यकारिणी सदस्यहरु हुनेछन् ।
- पदाधिकारी तथा कार्यकारिणी सदस्यहरुको पदावधि दुई बर्षको हुनेछ ।

- सिंचाइ प्रणालीलाई प्रभावकारी ढंगले संचालन, मर्मत संभार र व्यवस्थापन गर्न आवश्यकता अनुसार शाखा समितिहरु पनि निर्माण भएको अवस्थामा शाखा समितिको अध्यक्ष जल उपभोक्ता संस्था व्यवस्थापन समितिको पदेन सदस्य हुनेछ ।

## परिच्छेद – ५
## काम, कर्तव्य र अधिकार

### १२. कार्य समितिको कार्यकारिणी सदस्हरुको काम, कर्तव्य र अधिकार :–

**क) अध्यक्षको काम, कर्तव्य र अधिकार :-**

- साधारण सभा र समितिको बैठकको अध्यक्षता गर्ने ।
- समितिको बैठकको मिति, समय, ठाउँ र विषय किटान गर्ने ।
- समितिको बैठकमा कुनै विषयमा मत विभाजन भई पक्ष विपक्षमा बराबर भोट बाँडिन गएमा निर्णय भोटको प्रयोग गर्ने ।
- संस्थाको प्रतिनिधित्व गर्ने वा प्रतिनिधित्व गर्न पदाधिकारी र कार्यकारिणी सदस्यको चयन गर्ने र समितिको आकस्मिक बैठक आवश्यक परेको समयमा बोलाउने ।
- समितिको सदस्यहरुलाई क्रियाशील बनाउने र तिनीहरुको गतिविधिमा समन्वय ल्याउने ।
- सेवा निकायका कार्यक्रमहरुमा तालमेल (समन्वय) गराउने ।
- सिंचित खेती प्रणाली कार्यान्वयन गर्ने, गराउने ।

**ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :-**

- अध्यक्षको दैनिक काम सम्पादनमा सहयोग गर्ने ।
- अध्यक्षको अनुपस्थितिमा सम्पूर्ण अधिकार प्रयोग गरी कार्यसम्पादन गर्ने, गराउने ।

**ग) सचिवको काम, कर्तव्य र अधिकार :–**

- जल उपभोक्ता संस्था व्यवस्थापन समितिको निर्णय अनुसार साधारण सभा बोलाउने ।
- अध्यक्षको आदेश अनुसार समितिको बैठक बोलाउने ।
- साधारण सभा समक्ष संस्थाको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने ।
- समितिको बैठकमा लिइएका निर्णयहरुलाई प्रमाणित गर्न उपस्थित सदस्यहरुको दस्तखत संकलन गर्ने ।
- संस्थाको विधान, नीति र निर्णयानुरुप समितिको तर्फबाट पत्राचार गर्ने ।
- अध्यक्षद्वारा निर्देशित अन्य कामहरु सम्पादन गर्ने ।

**घ) सह-सचिवको काम,कर्तव्य र अधिकार :–**

- सचिव अनुपस्थित भएमा सचिवको सम्पूर्ण काम काज गर्ने ।
- सचिवको दैनिक काम सम्पादनमा सहयोग गर्ने ।

**ङ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :–**

- संस्थाको नगद जिन्सी को जिम्मेवारी लिने र त्यसको अद्यावधिक रेकर्ड राख्ने ।
- समितिको वार्षिक बजेट तयार गरी समितिमा पेश गर्ने ।
- समितिको आय व्यय हरहिसाब राख्ने ।
- सदस्यता शुल्क, जरिवाना, दान, चन्दा, चुङ्गी र अन्य शुल्कहरु उठाउने ।
- संस्थाको अन्य कारोवारमा निगरानी र नियन्त्रण गर्ने ।

**च) कार्यकारिणी सदस्यहरुको काम, कर्तव्य र अधिकार :–**

- संस्थाको विकासका लागि पदाधिकारीहरुलाई आवश्यक सहयोग गर्ने ।
- अध्यक्षले खटाए बमोजिम काम गर्ने ।
- संस्थाको विकासका लागि विभिन्न उप समितिहरुको अध्यक्षता गर्ने ।

## १३. जल उपभोक्ता संस्थाको काम कर्तव्य र अधिकार :–

जल उपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :–

- सिंचाई प्रणालीको मर्मत सम्भार संचालन तथा व्यवस्थापन गर्ने । तर सिंचाई प्रणालीलाई असर गर्ने गरी भौतिक संरचना आदीको फेरवदल वा हेरफहेर गर्न परेमा सम्वन्धित डिभिजनको पूर्व स्वीकृती लिने ।
- सिंचित क्षेत्रमा जग्गा हुने साधारण सदस्यहरुको जग्गाको लगत लिने र ब्यवस्थित तवरले अध्यावधिक राख्ने ।
- बालीको किसीम र जमिनको अवस्था अनुसार उपभोक्ता कृषकहरुलाई ठीक समयमा उचित मात्रामा सिंचाइको लागि पानी उपलव्ध गराउने ।
- सेवा उपलब्ध हुन नसकेमा जग्गाको लगत राख्ने र त्यस्ता उपभोक्ताले तिर्नु पर्ने सेवा शुल्क मिनाहाका लागि सिफारीस गर्ने ।
- सिंचाई प्रणालीको मर्मत सम्भारमा जनसहभागिता परिचालन गर्ने ।
- पहिले सेवा प्राप्त गरिरहेका उपभोक्तालाई मर्का नपर्ने गरी अरु नयाँ कृषक उपभोक्तालाई पानी वितरण गर्ने ।
- उपभोक्ताहरुसँग सेवा शुल्क उठाउने ।
- सेवा शुल्क नबुझाउने उपभोक्तालाई सेवाबाट बञ्चित गर्ने, विलम्व शुल्क लिने र सो को जानकारी सम्बन्धित कार्यालयलाई दिने ।
- सिंचाइ प्रणाली र सोको संरचना कसैले भत्काएमा व विगारेमा, हेरफेर गरेमा, अबरोध गरेमा वा त्यस्तो कार्य गर्न लागेको जानकारी हुन आएमा सो सम्बन्धि सूचना सम्वन्धित कार्यालयलाई दिने ।
- काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा कुनै किसिमको प्राविधिक परामर्शको आवश्यकता भएमा उपभोक्ता संस्थाले सम्बन्धित कार्यालय वा डिभिजन/सव-डिभिजन कार्यालयमा अनुरोध गर्न सक्नेछ र यसरी अनुरोध भई आएमा निकायले आवश्यक प्राविधिक परामर्श उपलब्ध गराई दिनु पर्नेछ ।
- आफुलाई प्राप्त काम,कर्तव्य र अधिकार मध्ये केहि काम, कर्तव्य र अधिकार सेवा उपभोग गरिरहेका उपभोक्ताहरु मध्येबाट विभिन्न उपसमिति गठन गरी सो उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

# परिच्छेद – ६
# वित्तीय र स्रोत व्यवस्थापन

## १४. आम्दानीका स्रोतहरु :–

जल उपभोक्ता संस्थाको आम्दानी निम्न स्रोतहरु हुन सक्छन् ।

क) सदस्यता शुल्क ।
ख) सिंचाइ सेवा शुल्क ।
ग) सदस्यहरुबाट असुल गरिएका जरिवाना र अन्य शुल्कहरु ।
घ) संस्थाले विभिन्न व्यक्ति वा निकायबाट प्राप्त गरेको दान, चन्दा, उपहार, आर्थिक सहयोग, अनुदान आदि ।
ङ) संस्थाले विभिन्न स्रोतहरुबाट प्राप्त गर्ने ऋण रकम ।
च) जनसहभागिता

## १५. चालु र स्थिर सम्पत्तिको हरहिसाव राख्ने :–

जल उपभोक्ता संस्थाको विधान बमोजिम चालु र स्थिर पुंजीको हरहिसाव व्यवस्थापन समितिको निर्देशन अनुसार राखिनेछ । अचल सम्पत्तिको तथ्याङ्क पनि समितिकै सिफारीस बमोजिम राखिनेछ ।

## १६. कोष :–

जल उपभोक्ता संस्थाको कार्यहरु सम्पादन गर्न एउटा कोष खडा गरीनेछ । संस्थाको नाममा प्राप्त हुने सवै आम्दानी यसै कोषमा जम्मा गरिनेछ । संस्थाको कार्यहरुमा लाग्ने सम्पूर्ण खर्च पनि यसै कोषमा जम्मा गरी खर्च गरिनेछ । यस समितिको खाता संचालन समितिको अध्यक्ष, सचिव र काषाध्यक्ष मध्ये कुनै दूई जनाको संयुक्त नाममा नेपाल सरकारबाट मान्यता प्राप्त वित्तिय संस्थामा खोलिएको खाताबाट हुनेछ ।

## १७. नविकरण :–

- आर्थिक बर्ष समाप्त भएको मितिले ९० (नब्बे) दिनभित्र महालेखापक्षिकको विभागबाट मान्यता प्राप्त लेखापरिक्षकबाट लेखापरिक्षण गराई सोको प्रतिवेदन र बार्षिक प्रतिवेदन संलग्न गरी नवीकरणको लागि दरखास्त दिइनेछ ।
- कुनै कारणबाट उपनियम (१) बमोजिमको म्यादभित्र दरखास्त दिन नसकेमा सो समेत खुलाई रु.१००।- विलम्ब शुल्क समेत संलग्न गरी थप ९० दिनभित्र नवीकरणको लागि दरखास्त पेश गरिनेछ ।

# परिच्छेद – ७
# विविध

## १८. चुनाव :–

यो विधान दर्ता भएको छ महिना भित्र सर्वसम्मति वा निर्वाचनको माध्यमबाट साधारण सभाका सदस्यहरुले ........................................................................................ जल उपभोक्ता संस्थाको व्यवस्थापन समितिका पदाधिकारीहरु र कार्यकारिणी सदस्यहरुको चयन गर्नेछन् । यसरी चयन गर्दा दलित, जनजाती र पिछडीएको वर्गको प्रतिनिधित्व गराउनुको साथै कम्तीमा एक पदाधिकारी सहित ३३ प्रतिशत महिलाको प्रतिनिधित्व गराइनेछ ।

## १९. समितिको सदस्यताको लागि अयोग्यता :–

- कुनै सदस्य मानसिक रुपमा अस्वस्थ वा शारीरिक रुपमा अपाङ्ग भएको कारणले काम गर्न असमर्थ छ भने जल उपभोक्ता संस्थाको कार्य समितिको पदाधिकारी वा सदस्यका लागी अयोग्य ठहरिनेछ ।
- नेपाल सरकार व नेपाल सरकारको अनुदानबाट तलव भत्ता ग्रहण गर्ने गरी पदमा बहाल व्यक्ति कार्य समितिको पदाधिकारी वा सदस्यका लागि अयोग्य ठहरिनेछ ।
- तदर्थ समिति वा कार्य समितिका पदाधिकारी एवं सदस्यहरुको चालचलन ठीक भएको प्रहरी प्रतिवेदन अनिवार्य रुपमा पेश गरिनेछ । प्रहरी प्रतिवेदनमा चालचलन ठीक नभएको व्यक्ति समितिको सदस्यता ग्रहण गर्न अयोग्य ठहरिनेछ ।

## २०. अविश्वासको मत :–

- यदि समितिको कुनै पदाधिकारी वा कार्यकारिणी सदस्य विरुद्ध साधारण सभाका ५० प्रतिशत भन्दा वढी सदस्यहरुले उक्त पदाधिकारी वा सदस्यले आफुलाई दिएको जिम्मेवारी इमान्दारीसाथ निभाउन असक्षम भएको दावी गर्दै निवेदन दिएमा उक्त निवेदन अनुसार साधारण सभाको उपस्थित सदस्य मध्ये दुई तिहाइको बहुमतले सर्मथन समेत गरेमा उक्त कार्यकारिणी सदस्यलाई आफ्नो ओहदामा बस्ने अधिकार रहने छैन ।
- साधारण सभामाथि उल्लेखित निर्णय गर्नु अगाडी त्यस व्यक्ति जसको विरुद्ध निवेदन परेको छ । उक्त व्यक्तिलाई आफु विरुद्ध लागेको आरोपमा सफाई पेश गर्ने मौका दिइनेछ ।
- यदि अविश्वासको मत सभाबाट पारित भएन भने सोहि व्यक्ति विरुद्ध १ बर्ष ननाघ्दै अर्को अविश्वासको मत पुनः दर्ता गराउन पाइने छैन ।

**२१. राजीनामा :–**

कुनै पदाधिकारी वा कार्यकारिणी सदस्यले अध्यक्ष समक्ष वा अध्यक्षले समिति वा सल्लाहकार समिति समक्ष स्वेच्छाले आफ्नो पदबाट राजीनामा पेश गरेमा सो राजीनामा स्वीकृत गर्ने वा नगर्ने अधिकार साधारण सभालाई रहनेछ ।

**२२. समितिको सदस्यताबाट निष्काशन :–**

समितिको कुनै पदाधिकारी वा कार्यकारी वा कार्यकारिणी सदस्यले विना पूर्व सूचना साधारण सभाको दूई वटा बैठकमा वा समितिको चारवटा बैठकमा लगातार अनुपस्थित रहेमा निजको सदस्यता स्वतः खारेज हुनेछ ।

**२३. संशोधनको अधिकार :–**

यो विधान सिंचाई नियमावली २०५६ को अधिनमा रही साधारण सभाबाट संशोधन गर्न सकिनेछ । संशोधित विधानलाई साधारण सभाको दुई तिहाई बहुमतले पारित गराउनु पर्नेछ । संस्था दर्ता भएको निकायबाट स्वीकृती प्राप्त भएपछि शंसोधित विधान लागु हुनेछ ।

**२४. विनियम संशोधनको अधिकार :–**

सिंचाइ प्रणाली र संस्था प्रभाकारी ढंगले संचालन गर्न समितिले संस्थाको बिनियम बनाउन संशोधन गर्ने र लागु गर्न सकिनेछ ।

**२५. दण्ड सजायहरु लागु गर्ने अधिकार :–**


समितिले अनाधिकृत तवरले पानी प्रयोग, सिंचित संरचनाहरुको हानी नोक्सानी, वातावरणीय असन्तुलन आदि रोक्न विभिन्न दण्ड, सजाय, जरिवाना वा सदस्यताबाट निलम्बन व्यवस्था लागु गर्न सक्नेछ ।

**२६. सम्झौता गर्न अधिकार :–**

संस्थाले प्रशस्त मात्रामा पानी उपलब्ध गराउन, पानीको निकास गर्न र सिंचित सुबिधा पुऱ्याई सिंचित उत्पादनमा वृद्धि ल्याउन आवश्यक संरचनाहरुको निर्माण सुधार गर्न कुनै पार्टीसँग ठेक्का पट्टा वा सम्झौता गर्न सक्नेछ ।

**२७. संस्था/कार्यालयको छाप :–**

संस्थाको छाप निम्न अनुसार हुनेछ । यो संस्थाको छाप ३ सेन्टिमिटरको गोलाकार हुनेछ ।



**२८. संस्था विघटन :–**

यो संस्था कुनै कारणबाट विघटन भएमा संस्थाको सवै जायजेथा नेपाल सरकारको हुनेछ ।

**२९. तदर्थ समिति गठन :–**

सिंचाई उपभोक्ता मध्येबाट जेष्ठ नागरिकको अध्यक्षतामा बढीमा ६ महिनाको लागि कम्तीमा सात जनाको तदर्थ समिति गठन गर्न सकिनेछ । उक्त तदर्थ समितिले साधारण सभा गरी ज.उ.स. पदाधिकारी एवं कार्यकारिणी सदस्यहरुको चयन नियम ११ र १८ बमोजिम निर्वाचनको माध्यमबाट गरी उक्त नामावली संस्था दर्ता भएको निकायमा निर्वाचन भएको ७ (सात) दिनभित्र पेश गरिनेछ । निर्वाचन पश्चात तदर्थ समिति स्वतः विघटन भएको मानिनेछ ।

**३०. लेखापरिक्षण :–**

यस संस्थाको लेखा परिक्षण महालेखा परिक्षकको विभागबाट मान्यता प्राप्त लेखा परिक्षकबाट आर्थिक बर्ष समाप्त भएको मितिले ९० दिनभित्र गराइनेछ ।

## ३१.समितिका पदाधिकारी एवं सदस्यहरुको नामावली

प्रस्तावित जल-उपभोक्ता समितिका पदाधिकारी एवं सदस्यहरुको नामावली र ठेगाना निम्न बमोजिम छन् ।

| सि.नं. | नाम | पद | ठेगाना | पेशा | दस्तखत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| १०. | | | | | |
| ११. | | | | | |

***पुनश्च :–*** उपरोक्त विधान दर्ता गर्दा बनेको तदर्थ समिति विधान दर्ता भएको ६ महिना सम्म बहाल रहने छ । उक्त अवधि समाप्त हुनु अगावै निर्वाचन गरी कार्य समिति चयन गरिनेछ । उक्त जल उपभोक्ता संस्था गठन (चयन) सम्बन्धि जानकारी संस्था दर्ता भएको निकायमा उपलब्ध गराइने छ ।